// वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः २ कागबेनी,मुस्ताङ, संख्याः ३ मितिः २०७८/१२/२६

भाग-२

# विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी २०७८

## प्रस्तावना

संघ वा प्रदेश स्तरबाट प्राप्त भएको वा हुने विशेष अनुदान कार्यक्रमलाई यस गाउँपालिक भित्र व्यवस्थित तवरले संचालन गर्न अत्यावश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्न बनेको ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७८" स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधीको नाम "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७८" रहेको छ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" लाई जनाउने छ।

(ख) "सभा" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँसभालाई जनाउने छ।

(ग) "कार्यपालिका" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ।

(घ) "विशेष अनुदान कार्यक्रम" भन्नाले संघीय वा प्रदेशस्तरबाट प्राप्त भएको विशेष अनुदान कार्यक्रम सम्झनु पर्छ।

(ङ) "विशेष अनुदान कोष" भन्नाले संघीय वा प्रदेशस्तरबाट विशेष अनुदान कार्यक्रमको लागि प्राप्त भएको रकमको कोषलाई सम्झनु पर्छ।

(च) "कार्यविधी" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गत संचालित "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७८" लाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा विशेष अनुदान कोष संचालक समितिलाई सम्झनु पर्छ। र यसै कार्यविधी अनुसार बन्ने अन्य समितिहरुलाई समेत जनाउने छ।

(ज) "परियोजना" भन्नाले विशेष अनुदान कार्यक्रमको लागि तयार गरीएको प्रस्तावित कार्यक्रम/परियोजना लाई सम्झनु पर्छ।

(झ) "प्रस्ताव" भन्नाले कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएको अनुसूची २ र ३ अनुसारको निवेदन सहितको परियोजना लाई जनाउने छ।

**३. कार्यक्रमको उद्देश्य र प्रभावः-**

यस कार्यक्रमको मुख्य उद्देश्य यस गाउँपालिका भित्रका युवाहरुलाई स्थानीय रुपमा नै रोजगारीका अवसर श्रृजना गराई विदेशिने या देश भित्रका शहर वा अन्य भागमा जानुपर्ने बाध्यता बाट मुक्त गराउनु रहेको छ।

(क) कार्यक्रम संचालन भएपछि युवाहरु आफ्नै गाउँमा स्वरोजगार हुनेछन्।

(ख) युवाहरुमा उद्यमशिलता बढ्ने छ।

(ग) युवावर्गको पलायन रोकिने छ।

(घ) स्थानीय श्रोतको उच्चतम प्रयोग भई समग्र ग्रामिण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ।

## परिच्छेद २
### समिति

४. विशेष अनुदान कार्यक्रम संचालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछः-

४.१ संचालक समितिः- विशेष अनुदान कार्यक्रम संचालनका लागि देहाय बमोजिमको एक विशेष अनुदान कोष संचालक समिति गठन गरिने छ।

क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना अधिकृतस्तरको कर्मचारी – सदस्य

ग) लेखा अधिकृत/लेखा प्रमुख – सदस्य सचिव

४.२ अनुगमन समितिः- विशेष अनुदान कार्यक्रमको लागि छनौट भई अनुदान रकम प्राप्त गरेका उद्यमीहरुले अनुदानको रकम स्वीकृत कार्यक्रम/परियोजनामा सदुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति गठन गरिने छ।

क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) उद्यमी रहेको सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जना – सदस्य

घ) योजना शाखा प्रमुख – सदस्य
ङ) प्राविधिक शाखा प्रमुख – सदस्य
च) लेखा शाखा प्रमुख – सदस्य
छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य

## परिच्छेद ३

### प्रस्ताव आह्वान, मूल्याङ्कन तथा स्वीकृती

**५. प्रस्ताव आह्वानः-**

विशेष अनुदान कार्यक्रम संचालनका लागि कुनै निश्चित व्यक्ति, समूह वा कार्यक्रमको लागि तोकिएरै आएको विशेष अनुदान भए तोकिएकै व्यक्ति, समूह वा कार्यक्रम संग सोझै प्रस्ताव माग गर्ने। तर त्यसरी नतोकी आएको विशेष अनुदानको लागि गाउँ कार्यपालिकाको कार्यालयले देहाय बमोजिम विशेष अनुदान कार्यक्रमको प्रस्ताव आह्वान गर्ने छ।

५.१ कार्यालयले अनुसुची १ बमोजिमको ढाँचामा स्थानीय स्तरको दैनिक पत्रिका वा कार्यालयको वेव साईट वा सूचना पाटीमा विशेष अनुदान कार्यक्रमको प्रस्ताव आह्वानको १५ दिने सुचना प्रकाशित गर्ने छ। तर तोकिएर आएको कार्यक्रमको लागि कम्तिमा ७ दिनको सम्बन्धित व्यक्ति, समूह वा कार्यक्रमलाई सूचना दिनु पर्ने छ।

५.२ उपदफा १ बमोजिम सूचना जारी/प्रकाशित/सार्वजनिक भएको मितिले सूचनाको म्याद भित्र कार्यालय समयमा त्यस्तो कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक व्यक्ति वा समूहले आफुले गर्न चाहेको पेशा/व्यवसाय खुलाएर त्यसको अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको श्रोत, सम्भावित आय समेत खुलाएर सम्बन्धित वडाको सिफारित सहित अनुसुची २ बमोजिमको ढाँचामा आवेदन साथ अनुसुची ३ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव समेत पेश गर्नु पर्ने छ।

**६.** दफा ५ बमोजिम पर्न आएका प्रस्तावलाई गाउँ कार्यपालिकाको कार्यालयले देहाय बमोजिम मुल्याङ्कन, छनौट तथा स्वीकृति प्रदान गरिनेछ।

६.१ निश्चित व्यक्ति, समूह वा कार्यक्रमको लागि तोकिएरै आएको विशेष अनुदान भए तोकिएकै व्यक्ति, समूह वा कार्यक्रमको प्रस्तावलाई सोझै स्वीकृती प्रदान गरिनेछ।

६.२ आवेदक वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रको हुनु पर्नेछ।

६.३ लक्षित वर्ग भित्र पर्ने आवेदकले प्राथमिकता पाउनेछ।

६.४ आवेदकले यसै गाउँपालिका भित्र परियोजना संचालन गर्नु पर्नेछ।

६.५ परियोजना उत्पादन तथा रोजगारमूलक हुनु पर्नेछ।

**७.** प्राथमिकता दिनुपर्ने:– कार्यक्रममा सहभागिताका लागी उसको वर्गीय अवस्था अनुसार प्राथमिकता क्रम तोकिने छ। यस्तो वर्ग विश्लेषणको आधार विज्ञहरुको समूहले गरेको आर्थिक स्तरीकरण सर्भेक्षण

(गाउँपालिका प्रोफाईल) का आधारमा हुनेछ। गाउँपालिकामा यस्तो आर्थिक स्तरीकरण सर्भेक्षण नभएको भए सो व्यवस्था नहुन्जेल वडा कार्यालयको स्तरीकरण सिफारिसको आधारमा हुनेछ।

## परिच्छेद ४
### सम्झौता तथा भुक्तानी प्रकृया

**८. अनुदान भुक्तानी प्रकृयाः-**

८.१ स्वीकृत भएका परियोजनाहरुलाई परियोजना प्रस्तावक सँग कार्यालयले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ।

८.२ उपदफा ८.१ बमोजिम सम्झौता भएको परियोजनाको लागि सम्झौता भएको मितिले १५ दिन भित्रमा कार्यक्रम संचालनको लागि पहिलो किस्ता स्वरुप स्वीकृत अनुदान रकमको २०% पेश्की रकम अग्रिम प्रदान गरिने छ।

८.३ अनुगमन समितिको अनुसूची ५ बमोजिमको प्रगति प्रतिवेदन तथा सिफारिसको आधार तथा प्राविधिक मुल्याङ्कन गर्नुपर्ने भएमा प्राविधिक मुल्याङकन समेतको आधारमा बाँकी भुक्तानी गर्नुपर्ने रकम भूक्तानी गरिनेछ।

८.४ यन्त्र, उपकरण तथा निर्माण सामाग्रीहरु खरिद गरी कार्यक्रम संचालन गर्दा भ्याट लाग्ने वस्तुको हकमा भ्याट बिलबाट खरिद गर्नुपर्ने छ र यस्ता बिलहरु भुक्तानी माग गर्दा पेश गर्नु पर्नेछ।

## परिच्छेद ५
### विविध

**९. कोष दुरुपयोग हुनबाट रोक्नेः-** कोषको दुरुपयोग हुनबाट रोक्नको लागि उपयुक्त उपायहरु अपनाउने छ। सम्झौता बमोजिम पेश्की रकम लिई परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कार्य नगरेमा सम्झौता भंग गरी पेश्की वा किस्ता वा पुरै रकम लिईसकेको भएमा सरकारी नियम अनुसार उसुल उपर गरिने छ।

**१०. विशेष अनुदान कार्यक्रमको अवधीः-** यस्तो विशेष अनुदान कार्यक्रम संघीय वा प्रादेशिक तहबाट उपलब्ध भए बमोजिम गर्न सकिने छ।

**११. प्रचलित कानून लागु हुनेः-** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुने छ।

**१२. कार्यविधि संशोधन तथा परिमार्जन:-** यो कार्यविधि गाउँ कार्यपालिकाले समय समयमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्ने छ।

**१३. विशेष व्यवस्था:-** माथि जे सुकै लेखिएको भएता पनि यस कार्यविधि जारी हुनुभन्दा अगाडी विशेष अनुदानको कार्यक्रम सञ्चालन उपभोक्ता समिति वा तोकेर आएको योजना/कार्यक्रम सँग सम्बन्धित संस्था वा कृषिजन्य समूह मार्फत भई सकेको भएमा सोही बमोजिम भएको मानिनेछ ।

**१४. अन्य:-** यो कार्यविधी बन्नु भन्दा अघि संचालन भएका विशेष अनुदानको कार्यक्रमका प्रकृयाहरु यसै कार्यविधी अन्तर्गत भएको मानिनेछ।

अनुसूची १

(दफा ५ को उपदफा १ संग सम्बन्धित)

विशेष अनुदान कार्यक्रमको लागि प्रस्ताव आह्वानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति(......साल.../...महिना../...गते...)

यस गाउँपालिकामा आर्थिक वर्ष २०..../..... को संघीय/प्रादेशिक विशेष अनुदानको ...................... कार्यक्रम प्राप्त भएकोले उक्त विशेष अनुदान अन्तर्गतको ............................ कार्यक्रम संचालन गर्न ईच्छुक यस गाउँपालिकामा रहेका दर्तावाला संघ संस्थाहरुलाई आफ्नो परियोजना प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।पुनश्चः आवेदन साथ तपशिल बमोजिमका कागजात संलग्न हुनु पर्नेछ। यो सुचना गाउपालिकाको वेभ साईट www.varagungmuktichhetramun.gov.np मा पनि हेर्न सकिने छ।

१. संघ, संस्थाको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी – १ प्रति

२ पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी – १ प्रति

३. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना – १ प्रति

नोट:- यस सुचनामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसूची २

(दफा ५ को उपदफा २ संग सम्बन्धित)

विशेष अनुदान कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि निवेदनको ढाँचा

मिति:- (......साल.../...महिना../...गते...)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कागबेनी, मुस्ताङ।

विषय:- विशेष अनुदान सहयोग उपलब्ध गराईदिने बारे।

महोदय,

यस संघ/संस्थाले उक्त विशेष अनुदान कार्यक्रमको अनुदान प्राप्त गरी ............................कार्य/परियोजना संचालन गर्नको लागि भएकोले निम्न अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं। यस संस्थाले उक्त अनुदान प्राप्त गरेमा यसै गाउँपालिका भित्रै प्रस्तावित परियोजना संचालन गर्नेछौं। तसर्थ यस संघ/संस्थालाई उक्त अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। श्रीमान् को जो आदेश।

आधिकारिक दस्तखत

.....................................

संघ/संस्थाको नाम :-

ठेगाना:-

ईमेल ठेगाना:-

मिति:-

अनुसूची ३

(दफा ५ को उपदफा ३ संग सम्बन्धित)

विशेष अनुदान कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि परियोजना प्रस्तावको ढाँचा

१. प्रस्तावित परियोजना/व्यवसायको नाम:-

२. प्रस्तावित परियोजना/व्यवसाय संचालन गर्ने ठेगाना:-

क. जिल्ला:- मुस्ताङ

ख. गाउँपालिका:- वारागुङ मुक्तिक्षेत्र

ग. वडा नं:-

घ. गाउँ/टोल:-

३. प्रस्तावित परियोजना/व्यवसायको मुख्य काम/क्रियाकलाप:-

क.

ख.

ग.

घ.

४. प्रस्तावित परियोजना/व्यवसायको वित्तिय संरचना:-

क. माग गरिएको अनुदान रकम रु:-

ख. निजी लगानी रु:-

ग. परियोजनाको जम्मा लागत रकम रु:-

५. प्रस्तावित परियोजना/व्यवसाय बाट लाभान्वित हुनेको परिवार संख्या:-

६. प्रस्तावित परियोजना/व्यवसाय संचालन हुने जग्गाको क्षेत्रफल:-

७. प्रस्तावित परियोजना/व्यवसायमा प्रयोग हुने प्रविधि:-

८. प्रस्तावित परियोजना/व्यवसायमा प्रयोग हुने जनशक्ति संख्या:-

कामदार/श्रमिक संख्या:- महिला:- जना पुरुष:- जना

९. प्रस्तावित परियोजना/व्यवसाय बाट उत्पादित बस्तुको बजार व्यवस्था:-

१०. प्रस्तावित परियोजना/व्यवसायबाट अपेक्षित वार्षिक प्रतिफल:-

आधिकारिक दस्तखत

......................................

संघ/संस्थाको नाम :-

ठेगाना:-

ईमेल ठेगाना:-

मिति:-

अनुसूची ४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

विशेष अनुदान कार्यक्रमको अनुदानको लागि परियोजना सम्झौता पत्रको ढाँचा

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र ..........................................का बीच मिति ............................................... मा

यस गाउँ कार्यपालिकाको कार्यालय, कागबेनी (जसलाई यसपछि प्रथम पक्ष भनी उल्लेख हुनेछ) र संघीय/प्रदेश सरकारबाट ................................................... कार्यक्रमको लागि विशेष अनुदानमा यस गाउँपालिकामा आ.व. २०७.../०७..... मा उपलब्ध भएको बजेट कार्यान्वयनको लागि छनौट भएको श्री..................................(जसलाई यसपछि दोश्रो पक्ष भनी उल्लेख हुनेछ) का बीच को मिति...............................................को निर्णय अनुसार...............................स्थानमा ........................कार्यका लागि प्रथम पक्षले विशेष अनुदान अनुदानको रकम रु....................उपलब्ध गराउन र दोश्रो पक्षले.........................................कार्य गर्ने गरी तपशिल बमोजिमका शर्त, बन्देज तथा दायित्वका अधीनमा रही गर्न यो सम्झौता पत्रमा पूर्ण मञ्जुरीका साथ सहीछाप गरी लियौं/दियौं।

**शर्तहरु:-**

१. कार्यक्रमको सम्झौता रकम रु..................(अक्षेरेपी...............................)हुनेछ, प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम शुरु गर्न २०% पेश्की रकम उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले स्वीकृत परियोजना ..........................मिति र समय भित्र सम्पन्न गरी सक्नु पर्नेछ। सम्पादन गरिने कार्य प्रचलित कानूनले तोके बमोजिमको गुणस्तरीय र उपलब्धी मूलक हुनु पर्नेछ।

३. प्रथम पक्षले कार्य सम्पादनको प्रगतिको आधारमा दोश्रो किस्ता रकम दोश्रो पक्षलाई सोधभर्ना स्वरुप उपलब्ध गराउन सक्नेछ। दोश्रो किस्ताको रकम भूक्तानी गर्दा पेश्की रकम कटाई बाँकी भुक्तानी हुनेछ।

४. प्रथम पक्षको तर्फबाट अनुगमन समितिले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने छ। अनुगमन कार्यमा दोश्रो पक्षले सहजिकरण गर्नुपर्नेछ।

५. अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भूक्तानी गरीने छैन। अनुगमन समितिले कार्य सम्पन्न प्रतिवेदन प्रस्तुत गरेपछि मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईने छ। अन्तिम किस्ता भुक्तानी गर्दा अनुदान रकमबाट नियमानुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी भुक्तानी हुनेछ।

६. यस सम्झौता बमोजिम दोश्रो पक्षले परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कार्य नगरेमा प्रथम पक्षले ...................... कार्यको सम्झौता भंग गर्न सक्नेछ। यसरी सम्झौता भंग गरेमा दोश्रो पक्षले प्रथम किस्ता वा पेश्की स्वरुप कुनै रकम लिईसकेको भएमा सरकारी नियम अनुसार उसूल उपर गरिने छ।

७. परियोजना कार्यान्वयनको कार्ययोजना कार्यतालिका प्रथम पक्षलाई दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

८. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमती बाट विवाद टुङ्गो लगाईने छ। सहमतीबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानून अनुसार हुनेछ।
९. प्रथम पक्षबाट प्राप्त रकमको लेखापरीक्षण गराउने दायित्व दोश्रो पक्षको समेत हुनेछ।
१०. यस सम्झौता पत्रमा उल्लेख नभएका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन २०६३, गाउँपालिकाको विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी २०७८, तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखत:- | दस्तखत:- |
| श्री................................, | श्री................................, |
| प्रमुख प्रशासकीय अधिकृत | ठेगाना:-..................... |
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| कागबेनी, मुस्ताङ। | |
| साक्षी:- | साक्षी:- |
| श्री..................................... | श्री..................................... |

ईति सम्बत् २० साल महिना गते रोज.......................................शुभम्।

अनुसूची ५

(दफा ८ को उपदफा ३ संग सम्बन्धित)

विशेष अनुदान कार्यक्रमको अनुगमन फारामको ढाँचा

१. परियोजना/व्यवसायको नामः-

२. संचालक/आवेदकको नाम, थरः-

३. परियोजना/व्यवसाय संचालन भएको ठेगानाः-

४. परियोजना/व्यवसायको सम्झौता भएको मितिः-

५. सम्झौता अनुसार कार्य सम्पन्न हुने मितिः-

६. प्रगति विवरण तालिकाः-

| क्र.सं. | विस्तृत विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | सम्झौतामा भएको मितिमा कार्य शुरु भए/नभएको | | | |
| २ | सम्झौतामा भएको स्थानमा कार्य भए/नभएको | | | |
| ३ | मुख्य कार्यक्रमको भौतिक | | | |
| ४ | मुख्य कार्यक्रमको आर्थिक | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

प्रतिवेदनः-

१. कार्यक्रम सम्पन्न भएको/हुन लाग्ने समयः-

२. मुख्य कार्यक्रमको भौतिक प्रगति प्रतिशत र आर्थिक प्रगति प्रतिशत भएको।

३.

उपर्युक्त व्यहोरा देखिएको हुँदा सो अनुसारको आधारमा भुक्तानी हुन सिफारिस गरिन्छ/गरिँदैन।

अनुगमन समितिको

| क्र.सं. | पदाधिकारिको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | संयोजक | |
| २ | | सदस्य | |

| | | | |
|---|---|---|---|
| ३ | | सदस्य | |
| ४ | | सदस्य | |
| ५ | | सदस्य | |
| ६ | | सदस्य | |
| ७ | | सदस्य | |

**खण्डः २ कागबेनी,मुस्ताङ, संख्याः ३ मितिः २०७८/१२/२६**

**आज्ञाले**

**जित बहादुर राना**

**प्रमुख प्रशासकीय अधिकृत**